# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## महाङ्काल गाउँपालिका

ललितपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## महाङ्काल गाउँपालिका

### ललितपुर




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## महाङ्काल गाउँपालिका

ललितपुर

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८।७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ७७ मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
महाङ्काल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
ललितपुर ।

## कैफियत सहितको राय

हामीले महाङ्काल गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१ करोड ५७ लाख २७ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रू.९८ लाख १० हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१ लाख ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१७ लाख ४१ हजार, नियमित गर्नुपर्ने रू.४० लाख ३९ हजार रहेको छ। पालिकाको गत वर्षसम्म रू.९ करोड ७ लाख १ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रू.९ करोड ६६ लाख १८ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

**(श्याम प्रसाद भण्डारी)**
**नायब महालेखापरीक्षक**

# महाङ्काल गाउँपालिका, ललितपुर

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३३ | २०२ | १५७२७ | १ | ९३ | ९८१० | ३२ | १०९ | ५९१७ | १३७ | ४०३९ | १७४१ | ० | ० | ५७८० | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | १६ | प्रमाण पेश भई पेश्की फस्यौंट | सैद्धान्तिक |
| २ | २५ | बढि बैठक भत्ता रकम असुल भई फस्यौंट | ११६४५० |
| ३ | २८ | बिरुवा वितरण गरेको भर्पाई पेश भई फस्यौंट | १५०५०० |
| ४ | ३३ | नपुग कर असुल भई फस्यौंट | ९८३५९ |
| ५ | ३४ | बढि भुक्तानी रकम असुल भई फस्यौंट | ४०४६० |
| ६ | ३६ | दाखिला गर्न बाँकी कर असुल भई फस्यौंट | २५२३३ |
| ७ | ३७ | ऐन विपरितको अनुगमन भत्ता रकम असुल भई फस्यौंट | १४१८० |
| ८ | ३९ | कार्य सम्पन्न पेश भई फस्यौंट | १८६७६९४ |
| ९ | ४० | आइसिटि ल्याव स्थापना गरेको प्रमाण पेश भई फस्यौंट | १३००००० |
| १० | ४१ | वितरण गरेको भर्पाई पेश भई फस्यौंट | ७८३००० |
| ११ | ४२.१ | कर समायोजन पेश भई फस्यौंट | १९९८८६ |
| १२ | ४२.२ | बैंक जमानत पेश भई फस्यौंट | ९५९१८८ |
| १३ | ४२.३ | बिमा गरेको प्रमाण पेश भई फस्यौंट | ३००००० |

| | | | |
|---|---|---|---|
| १४ | ५० | स्यानेटरी प्याड वितरण गरेको भर्पाई पेश भई फस्यौंट | ३००७३० |
| १५ | ५२ | छात्रवृत्रि वितरण गरेको भर्पाई पेश भई फस्यौंट | १८६८०० |
| १६ | ५३ | दिवा खाजा दैनिक हाजीरी पुस्तिका पेश भई फस्यौंट | २३४५४३० |
| १७ | ५५ | इन्टरनेट खर्च गरेको प्रमाण पेश भई फस्यौंट | १२०००० |
| १८ | ५७ | स्वास्थ्य चौकीहरुले मार्गदर्शन बमोजिम खर्च गरी प्रमाण पेश भई फस्यौंट | १००००० |
| १९ | ५९ | बिल भर्पाई पेश भई फस्यौंट | ५२४०० |
| २० | ६०.३ | सम्झौताको प्रमाण पेश भई फस्यौंट | १२५००० |
| २१ | ६०.४ | सम्झौताको प्रमाण पेश भई फस्यौंट | १२५००० |
| २२ | ६०.५ | बिल भर्पाई पेश भई फस्यौंट | ६००००० |
| **जम्मा** | | | **९८१०३१०** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| महांकाल गाउँपालिका | ९०७०१ | ० | ० | ९०७०१ | ० | ५९१७ | ९६६१८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : महाङ्काल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, ललितपुर,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | धिराज मरासेनी | २०७९-४-१५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | सूर्य प्रसाद कोईराला | २०७८-१-५ | २०७८-६-१५ |
| लेखा प्रमुख | महेश दत्त भट्ट | २०७६-८-१५ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५,९१६,५३९.५५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,१८,११,४५३.१८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २३,३७,५७,०७९.०१ | **चालु खर्च** | २३,९७,८५,६६७.०४ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१२,६८,२६४ | **पूँजीगत खर्च** | ९,४८,४९,७११ |
| **राजश्व बाँडफाँट** | ५,८९,५७,८९०.३ | **वित्तीय/अन्य व्यवस्था** | ४,९७,८३,१५८ |
| **आन्तरिक आय** | २,२७,००,८५३ | | |
| **अन्य आय** | ५,०८,६९,०४५ | | |
| **कुल आय** | ३८,७५,५३,१३१.३१ | **कुल खर्च** | ३८,४४,१८,५३६.०४ |
| **बाँकी मौज्दात** | | १,४९,४६,०४८.४५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस महांकाल पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, ८२.४४ वर्ग किलोमिटर क्षेत्रफल तथा ११ हजार ९०० जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>स्थानीय संचित कोष<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः
<table>
<tr><th colspan="6">प्राप्ती भुक्तानी हिसाव,</th></tr>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="4">यस वर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>३६,१३,९९,५८८.००</td><td>३३,९७,४१,४५२.३१</td><td></td><td>३३,९७,४१,४५२.३१</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>३५,८७,४९,७२९.००</td><td>३३,७९,८३,१६८.३१</td><td>०</td><td>३३,७९,८३,१६८.३१</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>६,२२,९०,७२९.००</td><td>५,८९,५७,८९०.३०</td><td>०</td><td>५,८९,५७,८९०.३०</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>२९,३५,०९,०००.००</td><td>२५,५०,२५,३४३.०१</td><td>०</td><td>२५,५०,२५,३४३.०१</td></tr>
<tr><td>संघीय सरकार</td><td>१२</td><td>२५,८२,१८,०००.००</td><td>२३,३७,५७,०७९.०१</td><td>०</td><td>२३,३७,५७,०७९.०१</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>१२</td><td>३,५२,९१,०००.००</td><td>२,१२,६८,२६४.००</td><td>०</td><td>२,१२,६८,२६४.००</td></tr>
<tr><td>१४००० अन्य राजस्व</td><td></td><td>१९,१०,०००.००</td><td>२,२७,००,८५३.००</td><td>०</td><td>२,२७,००,८५३.००</td></tr>
<tr><td>१५००० विविध प्राप्ति</td><td></td><td>१०,४०,०००.००</td><td>१२,९९,०८२.००</td><td>०</td><td>१२,९९,०८२.००</td></tr>
<tr><td>ख. अन्य प्राप्ति</td><td></td><td>२६,४९,८५९.००</td><td>१७,५८,२८४.००</td><td></td><td>१७,५८,२८४.००</td></tr>
<tr><td>वितरण गर्न बाकी राजस्व</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>कोषहरु</td><td></td><td>२६,४९,८५९.००</td><td>०</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| धरौटी | | ० | १७,५८,२८४.०० | ० | १७,५८,२८४.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४०,४३,९९,५८८.०० | ३३,६६,०६,८५७.०४ | | ३३,६६,०६,८५७.०४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४०,१७,४९,७२९.०० | ३३,४६,३५,३७८.०४ | | ३३,४६,३५,३७८.०४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ११,९५,९१,०००.०० | ११,३२,६१,०५९.०३ | ० | ११,३२,६१,०५९.०३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ५,१२,४१,७२९.०० | ४,४२,८०,४७४.०० | ० | ४,४२,८०,४७४.०० |
| २५००० सहायता (Subsidy) | १८ | ५८,६३,०००.०० | ४९,१७,७०८.०० | ० | ४९,१७,७०८.०० |
| २६००० अनुदान | १८ | ८,८१,३५,०००.०० | ६,९७,३२,२००.०१ | ० | ६,९७,३२,२००.०१ |
| २७००० सामाजिक सुरक्षा | १८ | ८२,९७,०००.०० | ६४,११,२९६.०० | ० | ६४,११,२९६.०० |
| २८००० अन्य खर्च | १८ | १५,००,०००.०० | ११,८२,९३०.०० | ० | ११,८२,९३०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १२,७१,२२,०००.०० | ९,४८,४९,७११.०० | ० | ९,४८,४९,७११.०० |
| घ. अन्य भूक्तानी | | २६,४९,८५९.०० | १९,७१,४७९.०० | | १९,७१,४७९.०० |
| कोषहरु | | २६,४९,८५९.०० | १७,६८,९७९.०० | ० | १७,६८,९७९.०० |
| धरौटी | | ० | २,०२,५००.०० | ० | २,०२,५००.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (४,३०,००,०००.००) | ३१,३४,५९५.२७ | | ३१,३४,५९५.२७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १,१८,११,४५३.१८ | | १,१८,११,४५३.१८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (४,३०,००,०००.००) | १,४९,४६,०४८.४५ | | १,४९,४६,०४८.४५ |
| | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १,४९,४६,०४८.४५ | | १,४९,४६,०४८.४५ |

पालिकाले पेश गरेको वित्तीय प्रतिवेदनमा समावेश नभएको अन्य खर्च शीर्षक बैंक नगदी किताब र कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरद्वारा प्रमाणित आर्थिक विवरण अनुसारको आधारमा देहायबमोजिम रहेको पाइयोः

| सि.नं. | बजेट शीर्षक | निकासा खर्च |
|---|---|---|
| १ | प्रदेश पूर्वाधार विकास कार्यक्रम | १२०३३४१४ |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | ३५७७८२६५ |
| | जम्मा | ४७८११६७९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा खर्च नभई बाँकी रहेको निम्नानुसारको रु.१,७८,२८,१५६।९९ सम्बन्धित निकायमा फिर्ता गरेको छ ।
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>फिर्ता गरेको</th></tr>
<tr><td>संघीय सरकार</td><td>सशर्त</td><td>६०३०९२०.९९</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>सशर्त</td><td>४३११७७१.००</td></tr>
<tr><td></td><td>विशेष</td><td>८०८९६५.००</td></tr>
<tr><td></td><td>समपुरक</td><td>६६७६५००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७८२८१५६.९९</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१,०३,११,४५३।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.१,१८,११,४५३।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१५,००,०००।- बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् :
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन</li>
<li>पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।</li>
</ul></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२०९५००००</td><td>१७३१०६०९</td><td>५.१७</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>१८८९८३०००</td><td>१६२७७६४०२</td><td>४८.६४</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>११५००२०००</td><td>८६२५८६०२</td><td>२५.७८</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित</td><td>२०२०७०००</td><td>१४५८८०२१</td><td>४.३६</td></tr>
<tr><td>५</td><td>कार्यालय संचालन तथा प्रशासनिक</td><td>५६६०७७२९</td><td>५३७०१७४४</td><td>१६.०५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४०१७४९७२९</td><td>३३४६३५३७८</td><td>१००.००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४८.६४ प्रतशित र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमामा सबैभन्दा घटीमा ४.६६ प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>तलवी प्रतिवेदन<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.१,२३,०७,५५८।- तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कमला लामा तामाङ्गले मिति २०७८।३।१० गते रु.३८ करोड ३१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।२४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.१५,१७,०००।- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १० | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ११ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १६ ऐन, ४ नियमावली, १५ कार्यविधि, १ निर्देशिका लगायत ३६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । | |
| १२ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो बर्ष २ विवाद दर्ता भएकोमा १ वटा मात्र फस्योँट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्योँट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| १३ | | | **चौमासिक पुँजीगत खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.९,४८,४९,७११।- निकासा भएकोमा प्रथम चौमासिकमा रु.२,५५,०५,५५९।- अर्थात् २६.८९ प्रतिशत, दोश्रो चौमासिकमा रु.१,६४,५४,९६२।- अर्थात् १७.३५ प्रतिशत र तेश्रो चौमासिकमा रु.५,२८,८९,१९०।- अर्थात् ५५.७६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.३,७४,६९,५८८।- अर्थात् ३९.५० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| १४ | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन् यकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| १५ | | | **योजना छनौट र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्:
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु. १ लाखभन्दा कमको योजना</td><td>८</td><td>३९४२८६.००</td></tr>
<tr><td>२</td><td>रु. १ लाख एकदेखि पाँच लाख सम्मका योजना</td><td>९१</td><td>१९५३१८४०.९९</td></tr>
<tr><td>३</td><td>रु.५ लाखदेखि १० लाख सम्मका योजना</td><td>२०</td><td>१६०७७९०६.००</td></tr>
<tr><td>४</td><td>रु.१० लाख एकदेखि ५० लाख सम्मका योजना</td><td>१०</td><td>१३५७४७९२.८२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२९</td><td>४९५७८८२५.८१</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५० हजारदेखि ४९ लाख सम्मका जम्मा १२९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनुपर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>पेस्की बाँकी<br>(.........प्रारम्भिक प्रतिवेदन उपर मोबिलाइजेशन पेश्की फस्यौंट पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट सैद्धान्तिक सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>रकमान्तर<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरीत वडा कार्यालयहरूको सिफारिसमा गाउँसभाले निम्नानुसार ७ कार्यक्रम रु.१२ लाख ३० हजार रकम संशोधन गरी खर्च गरेको पाईयो ।
<table>
<tr><th>सि.नं.</th><th>मौजुदा कायक्रम</th><th>रकम</th><th>परिवर्तित कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>विपद् ब्यवस्थापन</td><td>३५००००</td><td>कतवन भन्ज्याङ मेन सडक तारजाली भर्ने कार्य</td><td>३५००००</td></tr>
<tr><td>२</td><td>विविध तथा भैपरि</td><td>८००००</td><td>लक्ष्यबास पुर्खी काट्ने डाँडा सडक स्तरोन्नती</td><td>८००००</td></tr>
<tr><td>३</td><td>आलभन्ज्याङ-ढट्टी-लिसाथली-पधेरोखोला आयआर्जन कार्यक्रम</td><td>२०००००</td><td>मसानखोला मोटरबाटो निर्माण</td><td>२०००००</td></tr>
<tr><td>४</td><td>विविध तथा भैपरी</td><td>२५००००</td><td>लाम्राङ-कमेरोडोल मोटरबाटो मर्मत</td><td>२५००००</td></tr>
<tr><td>५</td><td>ग्याविन तार जाली खरिद</td><td>२०००००</td><td>ग्याविन जाली खरिद</td><td>२०००००</td></tr>
<tr><td>६</td><td>भैपरि खर्च</td><td>१५००००</td><td>मड्किनी सडक निर्माण</td><td>१०००००</td></tr>
<tr><td>७</td><td></td><td></td><td>डाँडाँघर मोटरबाटो निर्माण</td><td>५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२३००००</td><td>जम्मा</td><td>१२३००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>कर्मचारी दरबन्दी र पदपूर्ती<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, जनस्वास्थ्य अधिकृत सहित १६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १९ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २० | | | **बेरुजु लगत**<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अद्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| २१ | | | **करार कर्मचारी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु.१,२३,६३,६०५।- खर्च लेखेको छ । | |
| २२ | | | **सञ्चार खर्च**<br>महाङ्काल गाँउपालिका कार्यसञ्चालन निर्देशिका २०७८ को परिच्छेद ६ नियम १२ २ मा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई नियमित कार्यसम्पादन गरेवापत मासिक रुपमा प्रशासकिय अधिकृतलाई १५०० अधिकृत स्तर नवौ र दशौ लाई रु १२०० आठौ र सातौलाई रु१००० छैठौ लाई रु ५०० सहायक स्तर कर्मचारीलाई रु ३०० र कार्यालय सहयोगी लाई रु २०० व्यवस्था गरी बार्षिक रुपमा जम्मा रकम रु. १४०४००।०० खर्च गरेको देखिएको छ । | |
| २३ | | | **फिल्ड भत्ता तथा अतिरिक्त भत्ता**<br>महाङ्काल गाँउपालिका कार्यसञ्चालन निर्देशिका २०७८ को परिच्छेद ३ नियम ५ मा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्यालय समय भन्दा अघि वा पछि कम्तीमा दुई घण्टा अतिरिक्त समय कार्य गरेको खण्डमा कर्मचारीलाई दैनिक रुपमा अधिकृत स्तर लाई रु१००० सहायक स्तरलाई ८००रसहयोगी स्तरलाई रु ५०० का दरले भत्ता दिने व्यवस्था गरे तापनी पालिकाले योजना को अनुगमन वापत प्रति कर्मचारी प्रतिदिन रु १००० का दरले फिल्ड भत्ता अतिरिक्त भत्ता र अन्य भत्ता का नामले वार्षिक जम्मा खर्च रकम रु १५५७४२२ खर्च गरेको देखिन्छ ।पालिकाले यस्तो किसिमको खर्च गर्दा कार्यसम्पादनको मापन सूचक बनाई सोको आधारमा मूल्याङकन गरी भुक्तानी गर्ने तर्फ ध्यान जानु जरुरी देखिन्छ । | |
| २४ | | | **खाजा खर्च** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>महाङ्काल गाँउपालिका कार्यसञ्चालन निर्देशिका २०७८ को परिच्छेद ३ नियम ५ घ मा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादन गरेको दिनको प्रतिदिनको प्रति कर्मचारी रु १०० का दरले खाजा भत्ता दिने व्यवस्था अनुसार जम्मा रकम रु. १६८१९३८।०० बार्षिक रुपमा खर्च गरेको देखिएको छ</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>बढी दरमा बैठक भत्ता<br>४......(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु.१,१६,४५०।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>बेरीतको कर बिजक<br>मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम १७ (१) मा मूल्य अभिवृद्ध कर मा दर्ता भएको व्यक्तीले कुनै वस्तु वा सेवा अपूर्ती गर्दा कर अभिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५ (क) बमोजिमको ढाँचामा कर बिजक दिनु पर्ने व्यवस्था छ । कार्यालयले भुक्तानी गरेको निम्न फर्मले जारीगरेको कर बिजकमा हातले कर बिजक नं केरमेट गरेको पाइयो रितपूर्वक कर बिजक जारी नगरी भुक्तानी लिएको रकमको कर रकम समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो भौ नं र मिति</th><th>कर बिजक नं र मिति</th><th>फर्मको नाम</th><th>भूक्तानी रकम</th><th>मू अ कर</th></tr>
<tr><td rowspan="2">२४३।२०७९।३।२१</td><td>७३४ लाई १३४ बनाएको २०७९।३।८</td><td>श्रीराम इलेक्ट्रिस एण्ड हार्डवेयर सेन्टर (३०३८८३५२६)</td><td>५२०१३</td><td>५९८३</td></tr>
<tr><td>७३७लाई १३७ बनाएको २०७९।३।१३</td><td>श्रीराम इलेक्ट्रिस एण्ड हार्डवेयर सेन्टर (३०३८८३५२६</td><td>२२४८७</td><td>२५८७</td></tr>
<tr><td colspan="3">जम्मा रकम रु</td><td>७४५००</td><td>८५७०</td></tr>
</table></td><td>८,५७०</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>मंहगी भत्ता<br>नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।१।१९ को निर्णय अनुसार सवै निकायमा कार्यरत स्वीकृत दरबन्दी भित्र</td><td>३९०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रहेका करार कर्मचारीहरुको सेवा सुविधामा एकरुपता कायम गर्न साविक सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या कानुन १८।२०७३।४७ चलानी नं २१७ मिति २०७४।१।२५ को परिपत्रमा करार कर्मचारीले महंगी भत्ता पाउने उल्लेख गरेको देखिदैन।पालिकाले करार कर्मचारीहरु लाई मसिक रुपमा २००० का दरले बर्ष भरिमा जम्मा रकम रु. ३९००००।०० भुक्तानी गरेको देखियो।यसरी निर्देशिका विपरितको नियममा उल्लेख नभएको महंगी भत्ता सुविधा भुक्तानी नियमसम्मत नदेखिएको रकम रु. | |
| २८ | | | **वितरण भरपाई**<br>*✂......(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु.१,५०,५०० ।- सम्परीक्षण गरिएको ।)* | ० |
| २९ | | | **जिन्सी**<br>आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली, २०७७ को नियम १०३(१)मा कुनै कर्मचारी सरुवा बढुवा तथाअवकास हुँदा वा अन्य कुनै कारणले आफु कार्यरत कार्यालय छोडी जाँदा वा सो कामबाटअलग हुँदा आफ्नो जिम्मामा रहेको नगद वा जिन्सी मालसामान बर बुझारथ गर्नु पर्नेव्यबस्था रहेको छ। पालिकाको अघिल्लो कार्यकालमागाँउपालिका अध्यक्ष हुनुभएका श्री रामचन्द्र दाहालसंग Dell I5 laptop थान १ र Samsung mobile J7 pro थान १ साथै तात्कालिन वडा नं ६ का वडाध्यक्ष श्री रामचन्द्र आर्चायसँग Dell laptop थान १ आफ्नो कार्यकाल सकिसकेपछि पनि आफ्नो जिम्मामा रहेको सामानहरु बरबुझारथ गरेकोनदेखिएकोले उक्त जिन्सी सामान फिर्ता गरी जिन्सी व्यबस्थापन अद्यावधिक गर्नुपर्दछ। | |
| ३० | | | **वितरणमुखी कार्य**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले वितरणमुखि कार्यक्रमहरु सञ्चालन गरी रकम रु. १७८८४८५।०० खर्च गरेको देखियो । सरकारी रकमकको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पूजिवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>शीर्षक फरक<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३८(२)क मा खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको यकिन गरेर मात्र खर्च गर्नु पर्ने व्यबस्थाउल्लेख छ।पालिकाले निम्नभौचर नं र मितिबाट खर्च शिर्षक फरक पारी विभिन्नकार्यबापतको खर्च रकमभुक्तानी गरेको देखियो।यसरी नियम विपरित शिर्षक फरक पारी भुक्तानी भएकोखर्चनियमसम्मत देखिएन।तसर्थ पालिकाले खर्च भुक्तानीमा सम्बन्धित खर्च शीर्षक तथा बजेटयकिन गरीभुक्तानी गर्नु पर्दछ।<br>
<table>
<tr><th>भौचर नं र मिति</th><th>कार्यक्रम</th><th>भुक्तानी शिर्षक</th><th>रकम</th></tr>
<tr><td>१९३।२०७९।३।३</td><td>इन्धन</td><td>अनुगमन मूल्याङकन खर्च</td><td>३१७७४३</td></tr>
<tr><td>१९७।२०७९।३।३</td><td>मर्मत सम्भार</td><td>महंगी भत्ता</td><td>२८४७६०</td></tr>
<tr><td>१९७।२०७९।३।३</td><td>विविध</td><td>युवा लक्षित कार्यक्रम</td><td>१३२७३०</td></tr>
<tr><td>२१२।२०७८।३।१४</td><td>करार सेवाशुल्क</td><td>कर्मचारी पारिश्रमिक</td><td>१०३१३८०</td></tr>
<tr><td>२१६।२०७८।३।१५</td><td>कानुनी सेवा परामर्श</td><td>पोशाक</td><td>५००००</td></tr>
<tr><td rowspan="2">२१७।२०७८।३।१५</td><td>मर्मत सम्भार</td><td>कर्मचारी पारिश्रमिक</td><td>६७६८७०</td></tr>
<tr><td>विविध</td><td>मर्मत सम्भार</td><td>३६३५१०</td></tr>
<tr><td>२६३।२०७९।३।२३</td><td>मसलन्द सामाग्री</td><td>विपद व्यवस्थापन र न्यायिक समिति</td><td>७९१७८३</td></tr>
</table></td><td>३,६४८,७७६</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>अनुगमन तथा भ्रमण<br>भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ ।यसवर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार रु २१९३०००। भ्रमण खर्च भएको छ ।भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाँटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन।भ्रमण खर्चलाइ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्चगर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ ।अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन्:<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थालाई नियन्त्रण गर्ने तर्फ भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ३३ | | | **सेवाशुल्कमा कर कट्टी**<br>***✂........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।१८ को निर्णयबाट रु.१८,३५१।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ३४ | | | **प्रशिक्षक भत्ता**<br>***✂.....(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२।२१ को निर्णयबाट रु.४०,४६० ।- सम्परीक्षण गरिएको ।)*** | ० |
